फोन नं. ०८७-५२०१५७
इमेल info.hcijumla@supremecourt.gov.np
admin.hcijumla@supremecourt.gov.np

उच्च अदालत सुर्खेत
जुम्ला ईजालस
२०७३

# उच्च अदालत सुर्खेत,
## जुम्ला इजलास
(प्रशासन शाखा)

प.सं. २०७७/७८ मिति २०७७।४।९

च.नं.

# सूचना। सूचना। सूचना।

सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७६।१२।७ मा भएको निर्णय अनुसार अदालतका नियमित काम कारवाही र सेवा प्रवाह सीमित गरीएको मिति २०७६।१२।९ देखि बन्दाबन्दी (लकडाउन) खुलेको मिति सम्मको अवधिलाई न्यायिक कामकारवाहीको प्रयोजनको लागि शुन्य अवधि मानी सो अवधिमा हदम्याद, म्याद, तारिखलगायतको गणना नगर्ने, बन्दाबन्दी खुलेको मितिले बाटाको म्यादबाहेक ३०(तीस) दिनभित्र उपस्थित भएमा हदम्याद, म्याद वा तारिख नगुज्रिने गरी सर्वोच्च अदालत, वृहत् पूर्ण इजलासबाट मिति २०७७।२।१५ मा आदेश भएको र नेपाल सरकारको मिति २०७६।१२।९ को निर्णयले मिति २०७६ साल चैत्र ११ गतेदेखि लागू भएको बन्दाबन्दी(लकडाउन) सम्बन्धी व्यवस्था मिति२०७७ साउन ६ गते मंगलबार मध्यरातपछि अन्त्य गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७ साउन ५ गते निर्णय भएको सन्दर्भमा वृहत पूर्ण इजलासको उल्लिखित आदेशको व्यवस्था र प्रदान भएको सुविधामा प्रतिकूल असर नपर्ने गरी यस अदालतको काम कारवाहीमा देहायबमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकरीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- नेपाल सरकार(मन्त्रिपरिषद) को मिति २०७७।३।२३ को निर्णयको अधारमा जुम्ला जिल्लाभित्र मात्र यात्रुवाहक सार्जजनिक यातायात मिति २०७७।४।८ बाट सञ्चालनमा आएको सन्दर्भमा जिल्लाभित्रका सम्बन्धित अदालत वा न्यायिक निकायमा हदम्याद, म्याद, तारेखमा उपस्थित हुनु पर्ने अवस्थाका सोही जिल्लाभित्र रहनुभएका सेवाग्राहीहरु मिति २०७७।४।८ गतेदेखि बाटाका म्यादबाहेक ३० दिनभित्र उपस्थित हुन ।

फोन नं. ०८७-५२०१५७
इमेल info.hcijumla@supremecourt.gov.np
admin.hcijumla@supremecourt.gov.np

# उच्च अदालत सुर्खेत,
## जुम्ला इजलास
(प्रशासन शाखा)

उच्च अदालत जुम्ला ईजलास २०७३

- जुम्ला जिल्ला बाहेकका सेवाग्राहीहरु नेपाल सरकार(मन्त्रिपरिषद) को मिति २०७७।४।५ गतेको निर्णयको आधारमा लामो वा छोटो दुरीका निजी तथा सार्वजनिक यातुवाहक सवारी साधन एक जिल्लाबाट अर्को जिल्लामा र आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई उडान २०७७ भदौ १ गतेदेखि सञ्चालन हुने सन्दर्भमा अन्य जिल्लामा रहेको अदालत वा न्यायिक निकायमा हदम्याद, म्याद, तारेखमा उपस्थित हुनुपर्ने अवस्थाका सेवाग्राहीहरु २०७७ भदौ १ देखि बाटाको म्याद वाहेक ३० दिनभित्र उपस्थित हुन ।
- सर्वोच्च अदालतको वृहत पूर्ण इजलासको उल्लिखित अदेश र नेपाल सरकार(मन्त्रिपरिषद) को मिति २०७७।४।५ को निर्णय अनुकूल हनेगरी जिल्ला अदालत तथा न्यायिक निकायले सेवा प्रवाह सुचारु गर्ने सम्बन्धमा सूचना जारी गरेको भए सोही बमोजिम हुन् ।

रजिष्ट्रार